पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

# विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८३।०५।२६

प्रस्तावना:

पञ्चेश्वर गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगी कर्मचारीको छनौट, नियुक्ति र सेवा सर्तलाई व्यवस्थित, पारदर्शी र वस्तुनिष्ठ बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पञ्चेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम 'विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३' रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) 'गाउँपालिका' भन्नाले पञ्चेश्वर गाउँपालिका सम्झनुपर्छ।

(ख) 'शाखा' भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ग) 'विद्यालय' भन्नाले गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(घ) 'विद्यालय व्यवस्थापन समिति (विव्यस)' भन्नाले प्रचलित नियमानुसार सामुदायिक विद्यालयमा गठित समिति सम्झनुपर्छ।

(ङ) 'बालविकास शिक्षक' भन्नाले बालविकास केन्द्रमा कार्यरत सहजकर्ता/शिक्षक सम्झनुपर्छ।

(च) 'विद्यालय कर्मचारी' भन्नाले विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी(लेखापाल) तथा विद्यालय सहयोगी कर्मचारी(विद्यालय सहयोगी) सम्झनुपर्छ।

(छ) 'छनौट समिति' भन्नाले यस कार्यवधिको दफा ५ बमोजिम गठित समिति सम्झनुपर्छ।

## परिच्छेद–२: पदपूर्ति तथा दरबन्दी स्वीकृति

३. अनुदान कोटा निर्धारण तथा स्वीकृति:



प्रमुख प्रशासकीय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

(१) नेपाल सरकार र गाउँपालिकाको स्वीकृत मापदण्डका आधारमा विद्यालयमा बालविकास शिक्षक र विद्यालय कर्मचारीको पद सङ्ख्या निर्धारण गरिनेछ।

(२) विव्यसले रिक्त वा नयाँ कोटामा पदपूर्तिको लागि आवश्यक कागजात सहित पालिकाको शिक्षा शाखामा माग निवेदन पेस गर्नुपर्नेछ।

(३) पालिकाको स्वीकृत अनुमति र बजेट सुनिश्चिततापछि मात्र पदपूर्तिको प्रक्रिया अगाडि बढाइनेछ।

४. **न्यूनतम शैक्षिक योग्यता र उमेरको सीमा:**

| क्र.सं. | पद | न्यूनतम शैक्षिक योग्यता | उमेरको सीमा |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण (तालिम प्राप्त र अध्यापन अनुमतिपत्र लिएको) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| २ | विद्यालय सहायक कर्मचारी | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/वाणिज्य विषयमा माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण (कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| ३ | विद्यालय सहयोगी कर्मचारी | साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्ण) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| पुनश्च: उल्लेखित पदमा उमेदवार हुन अन्य सरकारी सेवा सरह नेपाली नागरिक र तोकिएका मापदण्ड पुरा गरी सरकारी सेवाका लागि योग्य हुन अनिवार्य छ। | | | |

## परिच्छेद–३: छनौट प्रणाली तथा प्रक्रिया

५. **छनौट समिति:**

विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौटका लागि निम्न अनुसारको छनौट समिति रहनेछ:

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विव्यस सदस्य – अध्यक्ष
(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको प्रतिनिधि – सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिले तोकेको सम्बन्धित विषयको विज्ञ – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य-सचिव

६. **विज्ञापन र आवेदन:**

(१) सम्बन्धित विद्यालय र गाउँपालिकाको वेबसाइट, सूचना पार्टी र सञ्चार माध्यममा कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक विज्ञापन प्रकाशन गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

(२) दरखास्त दस्तुर:

सम्बन्धित गाउँपालिका/विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार तोकिए बमोजिम हुनेछ।

७. परीक्षाको किसिम र अङ्क विभाजन

सम्बन्धित पदको लागि स्वीकृत पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४: नियुक्ति, सेवा सर्त तथा पारिश्रमिक

८. नियुक्ति प्रक्रिया:

(१) छनौट समितिले योग्यताक्रमका आधारमा सिफारिस गरेका मुख्य उम्मेदवारलाई विव्यसले ७ दिनभित्र नियुक्ति पत्र दिनेछ।

(२) सुरुमा ६ महिनाको परीक्षणकाल रहनेछ। कार्यसम्पादन सन्तोषजनक भएमा १ एक शैक्षिक सत्रको सम्झौता नवीकरण गरिनेछ।

९. पारिश्रमिक तथा सुविधा:

(१) विद्यालय कर्मचारी र बाल विकास शिक्षकको पारिश्रमिक तथा सुविधा नेपाल सरकार र पञ्चेश्वर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१०. बिदा सम्बन्धी व्यवस्था:

विद्यालय कर्मचारी र बाल विकास शिक्षकको बिदा सम्बन्धी व्यवस्था सञ्चित नहुने गरी देहाय बमोजिम हुनेछ।

(क) पर्व बिदा र भैपरी बिदा: वर्षको १२ दिन
(ख) बिरामी बिदा: वर्षको १२ दिन
(ग) सुत्केरी/सुत्केरी स्याहार बिदा: नियम अनुसार
(घ) किरिया बिदा: १५ दिन

## परिच्छेद–५: आचारसंहिता, कार्यसम्पादन र सेवा मुक्ति

११. आचारसंहिता:

विद्यालय कर्मचारी र बाल विकास शिक्षकले देहाय बमोजिमका आचारसंहिता पालना गर्नुपर्ने छ।

(क) नियमित समयमा विद्यालय उपस्थित हुनुपर्ने
(ख) राजनीतिक क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन नपाइने
(ग) विद्यार्थी र सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने

१२. पदमुक्त तथा हटाउने अवस्था:

प्रमुख प्रशासकीय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

निम्न अवस्थामा विद्यालय कर्मचारी र बाल विकास शिक्षकलाई सफाइको मौका दिई सेवाबाट हटाउन सकिनेछः

(क) लगातार १५ दिनसम्म बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा

(ख) कार्यसम्पादन मूल्याङ्कनमा लगातार दुई पटक ५०% भन्दा कम अङ्क ल्याएमा

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा

(घ) विद्यालय वा सार्वजनिक सम्पत्ति नोक्सान गरेमा वा आर्थिक अनियमितता गरेमा

## परिच्छेद–६: विविध

१३. **बाधा अड्काउ फुकाउने:**

(१) यस कार्यविधिमा नसमेटिएका वा द्विविधा उत्पन्न भएका विषयहरूमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(२) यो कार्यविधिमा नसमेटिएका विषयहरूमा प्रचलित कानुन बमोजिमका प्रावधानहरू स्वतः लागू हुनेछन्।

(३) यो कार्यविधिमा समेटिएका विषयहरू शिक्षा ऐन, २०२८(संसोधन सहित), शिक्षा नियमावली, २०५९(संसोधन सहित), शिक्षा सेवा आयोग नियमावली, २०५७(संसोधन सहित), स्थानीय सरकार सञ्चालन ऐन, २०७४(संसोधन सहित) र अन्य प्रचलित कानुनी प्रावधानहरूसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः खारेज भई प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत